# नेपाल क्लियरिङ्ग हाउस लि. को
## पाँचौ बार्षिक साधारण सभामा भएको कामकारवाहीको विवरण (माइन्यूट)

यस नेपाल क्लियरिङ्ग हाउस लि.का सञ्चालक समितिका अध्यक्ष श्री राजन सिंह भण्डारीज्यूको सभापतित्वमा कम्पनीको पाँचौ साधारणसभा मिति २०७३/०६/१२ गते (तदनुसार सेप्टेम्बर २८, २०१६) बुधबार साँझ ५:३० बजे देखि ६:३० बजे सम्म होटेल र्‍याडिसन, लाजिम्पाट, काठमाडौमा सम्पन्न भयो । पाँचौ साधारण सभामा उपस्थिति, छलफलका बिषय सूची, सूचना प्रकाशन, सभाको बैधानिकता, गणपूरक संख्या, सभापतित्व, सभा संचालन, छलफलका क्रममा व्यक्त गरिएका प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय पूस्तिका (माइन्यूट) आदि देहाय बमोजिम रहेका छन्:

१. उपस्थिति:

(क) **सञ्चालकहरुको उपस्थिति:**

१) श्री राजन सिंह भण्डारी, अध्यक्ष
२) श्री जनक बहादुर अधिकारी, सञ्चालक
३) श्री ज्योति प्रकाश पाण्डे, सञ्चालक
४) श्री उपेन्द्र पौड्याल, सञ्चालक
५) श्री रबिन्द्र बहादुर मल्ल, सञ्चालक
६) श्री कृष्णराज लामिछाने, सञ्चालक
७) श्री सरोज काजी तुलाधर, सञ्चालक

(ख) **अन्य पदाधिकारीहरुको उपस्थिति:**

१) श्री नीलेश मान सिंह प्रधान, प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव
२) श्रीमती मुन्नी राजभण्डारी, अपरेशन म्यानेजर
३) श्री डिल्ली मान शाक्य, इन्फ्रा/टेक्नोलोजि म्यानेजर
४) श्री विष्णु नाथ गौतम, सिस्टम म्यानेजर
५) सुश्री अनुजा अधिकारी, फाइनान्स/एडमिन अफिसर
६) श्री विवेक गिरि, प्रडक्ट/विजिनेस डेभलपमेन्ट अफिसर
७) श्री ज्ञानेन्द्र ब. भारी, लेखापरीक्षक
८) श्री विवेक घिमिरे, अधिवक्ता/निर्वाचन अिधकृत

(ग) **शेयरधनीहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| १) उपस्थित शेयरधनीहरुको संख्या | ३३ | जना |
| २) शेयरको प्रतिनिधित्व संख्या | ८,९८,०५० | कित्ता |
| ३) जम्मा शेयरधनी संख्या | १०३ | जना |
| ४) बाँडफाँड शेयर संख्या | १५,००,००० | कित्ता |
| ५) उपस्थिति शेयरधनीहरुको शेयर प्रतिनिधित्व प्रतिशत | ५९.८७ | प्रतिशत |

NEPAL CLEARING HOUSE

२. छलफलका बिषयहरु

क. साधारण प्रस्तावः

१. संचालक समितिको आ. व. २०७२/०७३ को प्रतिवेदन पारित गर्ने ।

२. लेखा परिक्षण प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तसम्मको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०७२/०७३ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २० प्रतिशत नगद लाभांश स्वीकृत गर्ने ।

४. आ.व. २०७३/०७४ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (जी बि एण्ड कम्पनी पुन नियुक्त हुन योग्य रहनु भएकोले लेखा परिक्षण समितिवाट पुन नियुक्तीको निमित्त शिफारिस भएको)

५. कम्पनीको नियमावली अनुसार समूह "ख-१" का शेयरधनीको तर्फवाट संचालक समितिमा प्रतिनिधित्व गर्ने तीन जना संचालकहरुको निर्वाचन गर्ने ।

ख. विषेश प्रस्तावः

१. प्रबन्धपत्रको संसोधन स्वीकृत गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक फेरवदल गर्न कम्पनीको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने अख्तियारी दिने ।

ग. विविध ।

३. सूचना प्रकाशन

सञ्चालक समितिको मिति २०७३/०५/१९ मा बसेको ९४औं बैठकको निर्णय बमोजिम यस कम्पनीको पाँचौ साधारण सभा मिति २०७३/०६/१२ गते (तदनुसार सेप्टेम्बर २८, २०१६) बुधबारमा बस्ने सूचना, सभामा छलफल हुने बिषय तथा सोको विवरण शेयरधनी महानुभावहरुको ठेगानामा पठाइएको थियो र मिति २०७३/०५/२१ र २०७३/०५/२८ गते राष्ट्रिय 'कारोबार दैनिक' पत्रिकामा सो व्यहोराको सूचना प्रकाशित गरिएको थियो । सभा सम्बन्धी विवरणहरुको पत्राचार सम्बन्धित शेयरधनीहरुलाई गरिएको थियो साथै कम्पनीको website मा पनि उक्त विवरणहरु राखिएको थियो ।

४. गणपुरक संख्या

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | १०३ | ३३ | ३२.०३ |
| शेयर संख्या | १५,००,००० | ८,९८,०५० | ५९.८७ |

५. सभाको बैधानिकता तथा सभापतित्व

सभा प्रारम्भ गर्ने क्रममा कम्पनी सचिवज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई कम्पनीको तर्फवाट स्वागत गर्दै कम्पनी ऐन २०६३ को दफा ६९ बमोजिम शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या पर्याप्त रहेको ब्यहोरा सभालाई अवगत गराउनु भयो र सभाका सभापति श्री राजन सिंह भण्डारीज्यूलाई वैधानिक प्रक्रिया पुरा भएकोले सभा संचालन गर्न अनुमतिको लागि अनुरोध गर्नुभयो ।

NEPAL CLEARING HOUSE

६. सभा संञ्चालन तथा मन्तव्य प्रस्तुति

कम्पनीका अध्यक्ष एवं सभाका सभापति श्री राजन सिंह भण्डारीज्यूले उपस्थित सवै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै सञ्चालक समितिका तर्फबाट आफ्नो मन्तव्य प्रस्तुत गर्नु भयो । ततपश्चात सभापतिज्यूले सभा समक्ष प्रस्तावित बिषयहरु छलफलका लागि पेश गर्नुभयो ।

७. प्रस्ताव माथि छलफल तथा निर्णयहरु

क. साधारण प्रस्तावः

*(१) संचालक समितिको आ.व. २०७२/०७३ को प्रतिवेदन पारित गर्ने ।*

सभाका सभापतिज्यूले प्रस्तुत गर्नु भएको पाँचौ वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

*(२) लेखापरीक्षण प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तसम्मको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०७२/०७३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।*

सभामा प्रस्तुत गरिएको लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७२/०७३ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु माथि छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

*(३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २० प्रतिशत नगद लाभांश स्वीकृत गर्ने ।*

आ.व. २०७२/०७३ को मुनाफाबाट सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २० प्रतिशत नगद लाभांश (जम्मा रु ३,००,००,०००) माथि छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

*(४) आ.व. २०७३/०७४ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।*

आ.व. २०७२/०७३ का लेखा परिक्षक श्री जी बि एण्ड कम्पनी पुन नियुक्त हुन योग्य रहनु भएकोले कम्पनीको लेखा परीक्षण समितिको सिफारिस अनुसार श्री जि.वि. एण्ड कम्पनीलाई आ.व. २०७३/०७४ को लेखापरीक्षकमा नियुक्ति गर्ने र निजलाई लेखा परीक्षण तथा कर लेखा परीक्षण समेत गर्नका लागि भ्याट तथा अन्य विविध खर्च वाहेक रु. ९०,०००/- पारिश्रमिक प्रदान गर्न सर्वसम्मतीबाट पारित गरियो ।

*(५) कम्पनीको नियमावली अनुसार समूह "ख-१" का शेयरधनीको तर्फवाट संचालक समितिमा प्रतिनिधित्व गर्ने तीन जना संचालकहरुको निर्वाचन गर्ने ।*

संचालक समितिको मिति २०७३/०५/१९ मा बसेको ९४औ. बैठकको निर्णय बमोजिम श्री विवेक घिमिरे, अधिवक्तालाई पाँचौ वार्षिक साधारण सभाका लागि निर्वाचन अधिकृतको जिम्मेवारी दिईएकोले अध्यक्ष ज्यूबाट नियमावली अनुसार उप समूह 'ख-१' का संचालक शेयरधनीको तर्फबाट संचालक समितिको प्रतिनिधित्व गर्न तीन जना संचालकहरुको निर्वाचन गर्न निर्वाचन अधिकृत ज्यूलाई अनुरोध गर्नुभयो ।

तत्पश्चात निर्वाचन अधिकृत ज्यूले निर्वाचनमा अपानाइएका प्रक्रिया तथा समय तालिका बारे र तोकिएको समयावधिमा निम्न तीन जना उम्मेदवारहरुले मनोनयन पत्र दाखिला गराउनु भएको जानकारी गराउनु भयो ।

NEPAL CLEARING HOUSE

(१) श्री ज्योति प्रकाश पाण्डे, प्रमुख कार्यकारी अधिकृत, प्रतिनिधि, नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड
(२) श्री उपेन्द्र पौड्याल, प्रमुख कार्यकारी अधिकृत, प्रतिनिधि, एनएमबि बैंक लिमिटेड
(३) श्री राजन सिंह भण्डारी, प्रमुख कार्यकारी अधिकृत, प्रतिनिधि, सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड

उप समूह 'ख-१' का संचालक शेयरधनीको तर्फबाट संचालक समितिको प्रतिनिधित्व गर्न तीन जना संचालकहरुको निर्वाचनमा जति पद संख्यामा निर्वाचन हुनु पर्ने हो त्यतिनै संख्याको मात्र उम्मेदवारि परेको हुदा तीनै जना निर्विरोध निर्वाचित हुनुभएको घोषणा गर्नुहुदै निर्वाचित संचालक ज्यूहरुलाई बधाई एवं स्वागत गर्नुभयो ।

ख. विषेश प्रस्तावः

***(१) प्रबन्धपत्रको संसोधन स्वीकृत गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक फेरवदल गर्न कम्पनीको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने अख्तियारी दिने ।***

समय अनुसार कम्पनीको कार्यक्षेत्र व्यापक बनाई सेवा प्रदान गर्नु परेकोले उद्देश्य थप गर्न आवश्यक रहेको हुदा अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएका निम्न बमोजिमका प्रबन्धपत्रको संसोधनहरु माथि छलफल गरि सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

**प्रवन्धपत्र तर्फ (थप गरिएका):**

दफा ४ को उपदफा (क१): "मोबाइल लगायत अन्य उपकरण तथा माध्यमबाट हुने भुक्तानी प्रणालीहरु तथा भुक्तानी स्वीच सञ्चालन गर्ने र सोको लागि आवश्यक व्यवस्था गर्ने ।"

साथै उक्त प्रबन्धपत्र संसोधनहरुमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक फेरवदल गर्न कम्पनीको सञ्चालक समिति वा सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने अख्तियारी दिईएको निर्णय समेत पारित गरियो ।

८. धन्यवाद ज्ञापनः

अध्यक्ष ज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, सञ्चालकहरु, कर्मचारीहरु तथा अन्य पदाधिकारीहरु एवं यस चौथो साधारण सभा सफल गराउन सहयोग गर्नु हुने सबैलाई धन्यवाद दिनु भयो र उपस्थित सम्पूर्ण महानुभावहरुलाई आँउदो बडा दशै २०७३ को शुभकामना व्यक्त गर्दै सभा विर्सजन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| .............................. | .............................. |
| नीलेश मान सिहं प्रधान | राजन सिंह भण्डारी |
| कम्पनी सचिव तथा | सभाका सभापति एवं |
| प्रमुख कार्यकारी अधिकृत | सञ्चालक समितिका अध्यक्ष |

नोटः कम्पनीको नियमावलीको दफा २६ मा व्यवस्था भए बमोजिम पाँचौ साधारण सभाको निर्णय विवरणको अभिलेख (माइन्युट) मा सभाको सभापति तथा कम्पनी सचिवले हस्ताक्षर गरिएको ।

NEPAL CLEARING HOUSE